नलगाड नगरपालिका

# नलगाड राजपत्र

खण्ड : ३ संख्या : १ असोज २७, २०७६

## भाग-३

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
सूचना

## नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७६

सम्वत् २०७६ सालको कार्यविधि नं १

**प्रस्तावनाः** नलगाड नगरपालिकाका बासिन्दाहरुको स्वास्थ्य अवस्थामा सुधार गर्न, शान्तिपूर्ण तथा मर्यादित वातावरण कायम राख्न, मदिराको कारणले समाजमा हुने विभिन्न किसिमका विकृति, विसंगतिहरु तथा आपराधिक क्रियाकलाप नियन्त्रण तथा न्यूनिकरण गर्न, सभ्य र समतामुलक समाजको निर्माण गर्न मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (ख) स्वास्थ्य (१३) को कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (७) बमोजिम नगर कार्यपालिकाबाट पारित गरी मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी २०७६ लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७६"** रहेको छ।

(२) यो कार्यविधि नलगाड राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

(३) यो कार्यविधि नलगाड नगरपालिका क्षेत्रभित्रमा लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"मदिरा"** भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई रासायनिक प्रक्रियाद्वारा कुहाएर वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ख) **"उत्पादन"** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनुपर्छ।

(ग) **"विक्रि वितरण"** भन्नाले व्यवसाय गर्ने उदेश्यले स्थापना गरिएको गोदाम, डिलर, पसल, होटल वा त्यस्तै अन्य फर्मबाट मदिराको खरिद विक्रि गर्ने कार्यलाई सम्झनुपर्छ।

(घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेका उपदफामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) **"सेवनकर्ता"** भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

(च) **"प्रमुख"** भन्नाले नलगाड नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(छ) **"संयोजक"** भन्नाले नगर स्तरिय समिति र वडा स्तरिय समितिको संयोजकलाई सम्झनुपर्छ।

(ज) **"नगरपालिका"** भन्नाले नलगाड नगरपालिकालाई सम्झनुपर्छ।

(झ) **"वडा अध्यक्ष"** भन्नाले नलगाड नगरपालिकाका वडा अध्यक्षलाई सम्झनुपर्छ।

(ञ) **"नगर स्तरिय समिति"** भन्नाले नगर स्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(ट) **"वडा स्तरिय समिति"** भन्नाले वडास्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(ड) **"सार्वजनिक पद धारण गरेको व्यक्ति"** भन्नाले जन निर्वाचित पदाधिकारी तथा राज्यकोषबाट नियमित सेवा सुविधा पाउने जुनसुकै निकायको सरकारी कर्मचारीलाई सम्झनुपर्छ ।

**३. मदिराको बिक्री वितरण र सेवनमा नियन्त्रण :** (१) कुनै व्यक्तिले नगरपालिकाले तोकेको समयमा मात्र मदिराको विक्रि वितरण र सेवन गर्न गर्न पाउनेछ ।

(२) उपदफा (१) बमोजिम बाहेकको समयमा मदिराको विक्रि वितरण तथा सेवन गरेमा यस कार्यविधिको दफा १६(१) मा तोकिए बमोजिम दण्ड, जरिवाना र सजाय गरिनेछ ।

**४. मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :** (१) कसैले पनि नगरपालिका क्षेत्रभित्र अवैध घरेलु मदिराको उत्पादन तथा विक्रि वितरण गर्न पाईने छैन ।

(२) कुनै पनि व्यक्तिले कानुन बमोजिम ईजाजतपत्र नलिई मदिराको विक्रि वितरण गर्न पाईने छैन ।

(३) उपदफा (२) बमोजिम ईजाजतपत्र नलिई मदिराको विक्रि वितरण गरेमा नगरपालिका वा नगर स्तरिय समिति वा वडा स्तरिय समितिले जुनसुकै बखत त्यस्तो मदिरा जफत गरि नष्ट गर्न सक्नेछ ।

(४) नगरपालिका क्षेत्रभित्र अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण तथा सेवन गर्नु हुँदैन ।

(५) उपदफा (१), (२) र (४) बमोजिम बाहेकको कार्य गरेमा यस कार्यविधिको दफा १६(१) मा तोकिए बमोजिम दण्ड, जरिवाना र सजाय गरिनेछ ।

**५. मदिराको ओसार पसारमा नियन्त्रण :** कुनै पनि व्यक्तिले नगरपालिका वा वडा कार्यालयको अनुमतिपत्र नलिई नगरपालिका क्षेत्रभित्र मदिराको ओसार वा पसार वा ओसार पसार गर्न पाउने छैन ।

**६. मदिरा ओसार पसारका लागि अनुमतिपत्र लिनुपर्ने :** (१) नगरपालिकाले तोकेको समय बाहेक अन्य समयमा मदिराको ओसार पसार गर्नु परेमा मदिरा विक्रि वितरण ईजाजतपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अन्य आवश्यक कागजातहरु सहित नगर कार्यपालिकाको कार्यालय वा सम्वन्धित वडा कार्यालयमा अनुसूची-१ बमोजिम ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगर कार्यपालिकाको कार्यालय वा वडा कार्यालयले मदिरा ओसार पसारको लागि एक वर्षको समयावधि उल्लेख गरि दुई हजार शुल्क लिई अनुसूची-२ बमोजिमको ढाँचामा अनुमतिपत्र उपलव्ध

गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र नलिई मदिराको ओसार पसार गर्नु/गराउनु हुदैन ।

(४) उपदफा (३) बमोजिम कसैले मदिराको ओसार पसार गरेमा यस कार्यविधिको दफा १६(१) मा तोकिए बमोजिम दण्ड सजाय गरिनेछ ।

(५) मदिरा ओसार पसारको अनुमतिपत्रको वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ ।

**७. मदिरा सेवन कर्ताले हो-हल्ला, गाली बेइज्जती र झैझगडा गर्न नपाईने :** (१) मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले हो-हल्ला, गाली वेईज्जत तथा झै झगडा गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिमको कार्य गरेमा दफा १६(१) मा तोकिए बमोजिम दण्ड सजाय गरिनेछ ।

**८. मदिरा विक्री वितरण, ओसार पसार र सेवनकर्ताले पालना गर्नुपर्ने शर्त :** (१) मदिरा बिक्रेता तथा सेवन कर्ताले निम्न शर्तहरु पालन गर्नुपर्नेछ :

(क) नगरपालिकाले तोकेको समयमा मात्र मदिराको विक्रि वितरण तथा सेवन गर्न पाईनेछ ।

(ख) मदिरा ओसार पसार गर्ने व्यक्तिले सम्वन्धित निकायको अनुमतिपत्र लिएर मात्र मदिराको ओसार पसार गर्न पाईनेछ ।

(ग) मदिरा विक्री कर्ताले मदिरा सेवन कर्ताको पहिचान खुल्ने गरि अनिवार्य रुपमा रेकर्ड राख्नु पर्नेछ ।

(घ) मदिराको कारोवार गर्ने व्यवसायीले आफुले लिएको इजाजतपत्र कारोवार स्थलमा सबैले देख्ने गरि राख्नु पर्नेछ ।

(ङ) मदिरा विक्रि कर्ताले मदिराको दर निर्धारण सहितको मूल्यसुची सवैले देख्ने गरि टाँस गर्नु पर्नेछ ।

(च) मदिरा र अन्य मालसमानहरु अलग अलग काउन्टरमा राखेर विक्रि वितरण गर्नुपर्नेछ ।

(छ) मदिराको खरिद तथा बिक्रिमा अनिवार्य रुपमा बिल विजकको प्रयोग गर्नुपर्नेछ ।

(ज) विशेष पर्व, उत्सव, मेला, विवाह, भोज भतेरको समयमा शान्तिपूर्ण सामाजिक वातावरण खल्वलिने गरि नगरपालिकाले तोकेको समयमा बाहेक अन्य समयमा मदिराको बिक्रि वितरण तथा सेवन गर्न पाईने छैन ।

(झ) नगरपालिकाले विशेष कारण खुलाई बिक्रि वितरण नगर्नु भन्ने सूचना जारी

गरेको समयमा मदिरा बिक्रि वितरण गर्न पाईने छैन ।

(ञ) मदिरा पसल विद्यालय, स्वास्थ्य केन्द्र, मन्दिर, सरकारी कार्यालय भन्दा एक सय मिटर टाढाको दुरीमा राख्नुपर्नेछ ।

(ट) अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिम शर्त पालना नगर्ने व्यबसायीको होटल, पसल वा गोदाम सम्वन्धित वडाको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरि प्रतिवन्ध गर्न सक्नेछ ।

**९. कारोवार अध्यावधिक :** (१) मदिरा विक्रि वितरण कर्ताले आफुले विक्री वितरण, ओसार पसार गरेको कारावारको विवरण मासिक रुपमा सम्वन्धित वडा कार्यालयमा अध्यावधिक गराउनु पर्नेछ ।

(२) सम्वन्धित वडा कार्यालयहरुले उपदफा (१) बमोजिमको विवरण चौमासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा वुझाउनु पर्नेछ ।

**१०. समिति गठन :** मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि तपशिल बमोजिमको नगर स्तरिय समिति र प्रत्येक वडामा वडा स्तरीय समिति गठन गरिनेछ ।

**(१) नगर स्तरिय समिति गठन**

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उप प्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) नगरपालिका रहेको विद्यालयको प्रधानाध्यापक | - सदस्य |
| (ङ) प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (च) विभिन्न राजनैतिक पाटीका प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (छ) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष | - सदस्य |
| (ज) स्थानीय होटेल व्यवसायी संघको अध्यक्ष | - सदस्य |
| (झ) स्थानीय अस्पताल वा स्वास्थ्य संस्थाको प्रमुख | - सदस्य |
| (ञ) नगर भित्रका सामाजिक संघसंस्थाका १ जना महिला सहित २ जना | - सदस्य |
| (ट) नगर भित्रका महिला समुहका प्रतिनिधि २ जना | - सदस्य |
| (ठ) प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

**(२) नगर स्तरिय समितिको काम कर्तव्य र अधिकार**

(क) मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी नीति बनाउने ।

(ख) मदिरा नियन्त्रण तथा व्यवस्थापनको लागि योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

(ग) मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि अन्तर निकाय समन्वय गर्ने ।

(घ) विभिन्न संघसंस्था तथा समुहलाई मदिरा नियन्त्रण तथा व्यवस्थापनमा परिचालन गर्ने ।

(ङ) वडा स्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिको कार्यमा आवश्यक सहयोग, समन्वय, अनुमगन गरि निर्देशन दिने ।

(च) यस कार्यविधि बमोजिम दश हजार भन्दा माथिको दण्ड जरिवाना गर्ने ।

(छ) समग्र मदिरा नियन्त्रण तथा व्यवस्थापनको स्थितिको अनुगमन गरि वार्षिक प्रतिवेदन नगर सभामा पेश गर्ने ।

(ज) आवश्यकता बमोजिम उपसमितिहरु गठन गरी गरिचालन गर्ने ।

**(३) वडा स्तरिय समितिको गठन**

| | |
|---|---|
| (क) वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्यहरु | - सदस्य |
| (ग) प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| (घ) राजनितिक दलको प्रतिनिधि | - सदस्य |
| (ङ) स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| (च) वडामा सक्रिय संघसंस्था, समुहको एक जना महिला सहित २ जना प्रतिनिधि | - सदस्य |
| (छ) वडाका विद्यालयका एक जना महिला सहित शिक्षक प्रतिनिधि दुई जना | - सदस्य |
| (ज) स्थानीय व्यवसायीको प्रतिनिधि एक जना | - सदस्य |
| (झ) वडा सचिव | - सदस्य सचिव |

**(४) वडा स्तरिय समितिको काम कर्तव्य र अधिकार**

(क) वडा स्तरिय मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी योजना तथा कार्यक्रम बनाउने ।

(ख) अन्तर वडा स्तरिय निकाय, संघसंस्था, समुहहरुसंग समन्वय गर्ने ।

(ग) मदिराको नियन्त्रण तथा व्यवस्थापनमा संघसंस्था तथा समुहलाई परिचालन गर्ने ।

(घ) यस कार्यविधि बमोजिम दश हजार रुपैयाँसम्मको दण्ड जरिवाना गर्ने ।

(ङ) मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धि अनुगमन गरि नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(च) आवश्यकता बमोजिम उपसमिति तथा टोलस्तरिय समितिहरु गठन गर्ने ।

**११. नियमित अनुगमन :** (१) नगर स्तरीय अनुगमन समितले वर्षको दुई पटक र वडा स्तरिय समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुमा मदिरा नियन्त्रण र

व्यवस्थापनको अवस्था के कस्तो छ भनी जाँचबुझ गर्न महिनाको एक पटक अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले अनुगमन प्रतिवेदन तयार गरि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) समितिले आफ्नो क्षेत्रभित्र मदिरा बिक्री वितरण बारे अनुगमन गर्दा यस कार्यविधिको दफा ८ (१) मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) समितिले प्रतिवेदन पेश गरेमा नियमानुसार भ्रमण खर्च वा यातायात खर्च उपलव्ध गराईनेछ ।

**१२. सचेतना कार्यक्रम संचालन गर्ने :** (१) मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा आवश्यक सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**१३. खानतलासी, कव्जा वा गिरप्तार गर्ने सक्ने :** (१) नगर क्षेत्रभित्रको कुनै स्थान वा यस कार्यविधि बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव कारण भएमा नगर स्तरिय समिति र वडा स्तरिय समितिले खानतलासी गर्न सक्नेछ ।

(२) त्यस्तो स्थानको खानतलासी गर्दा घरधनी वा जसले प्रयोग गरिरहेको छ उसलाई जानकारी दिनुपर्नेछ ।

(३) उक्त स्थानमा कार्यविधिमा उल्लेखित सजाय हुने बस्तु वा कसुर गर्ने व्यक्ति भेटिएमा तत्काल कव्जा गर्ने र गिरप्तारी समेत गर्न सकिनेछ । त्यसरी कव्जा वा गिरप्तार गर्दा प्रहरीको सहयोग लिन सकिनेछ ।

**१४. नमुना बस्तीहरुमा मदिरा सम्वन्धि व्यवस्था:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले अनुसूची-३ मा तोकिएको नमुना बस्तिहरुमा मदिरा विक्रि वितरण तथा सेवन गर्न पाईनेछैन ।

(२) उपदफा (१) बमोजिम कसैले विक्रि वितरण वा सेवन गरेमा दफा १६(१) मा तोकिए बमोजिम दण्ड जरिवाना गरिनेछ ।

**१५. समन्वय र सहकार्य गर्नुपर्ने :** (१) मदिराको विक्रि वितरण र सेवनमा नियन्त्रण तथा व्यवस्थापन गर्न नगर क्षेत्र भित्रका संघ संस्था तथा समुहहरुले नगर कार्यपालिकाको कार्यालय वा वडा कार्यालयसंग समन्वय र सहकार्य गर्नुपर्नेछ ।

**१६. सजाय गर्न सकिने :** (१) समितिले यस कार्यविधि विपरित मदिरा उत्पादन, बिक्री वितरण तथा सेवन गर्नेलाई तपशिल बमोजिम दण्ड सजाय तथा जरिवाना गर्न सक्नेछ ।

(क) नगरपालिकाले तोकेको समय बाहेक अन्य समयमा मदिरा विक्रि वितरण गर्नेलाई पहिलो पटक दुई हजार र सेवन गर्ने व्यक्तिलाई पहिलो पटक एक हजार दण्ड जरिवाना गरिनेछ। सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पाँच हजारका दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(ख) मदिरा सेवन गरि समुदायमा हो-हल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झै-झगडा गर्ने व्यक्तिलाई पहिलो पटक दुई हजार जरिवाना गरिनेछ। सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पाँच हजारका दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(ग) मदिरा विक्री वितरण कर्ता, ओसार प्रसार र उत्पादक कर्ताले यस कार्यविधिको दफा ८ (१) मा उल्लेखित सर्त उल्लंघन गरेमा पहिलो पटक भए दुई हजार जरिवाना गरिनेछ। सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पाँच हजारका दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(घ) यस कार्यमा सहयोगी भई कार्य गर्ने व्यक्तिलाई विक्रि वितरण, उत्पादन र ओसार गर्नेलाई हुने दण्ड जरिवानाको आधा सजाय गर्न सकिनेछ।

(ङ) ईजाजतपत्र र अनुमतिपत्र नलिई मदिराको विक्रि वितरण तथा ओसार पसार गरेमा पहिलो पटक तीन हजार दण्ड जरिवाना गरिनेछ। सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पाँच हजारका दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(च) अठार वर्ष मुनिका व्यक्तिले मदिराको विक्रि वितरण तथा सेवन गरेमा पहिलो पटक दुई हजार दण्ड जरिवाना गरिनेछ र सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पाँच हजारका दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(छ) अवैध घरेलु मदिराको उत्पादन, विक्रि वितरण तथा ओसार पसार गरेमा पहिलो पटक तीन हजार दण्ड जरिवाना गरिनेछ। सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा पाँच हजारका दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(ज) नमुना वस्तीमा मदिराको उत्पादन, विक्रि वितरण तथा सेवन गरेमा पहिलो पटक दश हजार देखि पचास हजार सम्म दण्ड जरिवाना गरिनेछ। सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा वीस हजारको दरले दण्ड जरिवाना बढ्दै जानेछ।

(झ) सार्वजनिक पद धारण गरेको व्यक्ति वा सरकारी कर्मचारीले यस कार्यविधिको प्रतिकुल हुने कार्य गरेमा आम व्यक्तिलाई गर्ने सजायको दोब्बर दण्ड जरिवाना गरिनेछ।

**१७. मदिरा नियन्त्रण तथा व्यवस्थापन कोषको स्थापना :** यस कार्यविधिको दफा १६ मा उल्लेख भए अनुसार तोकिएको जरिवाना वापतको रकम जम्मा गर्नको लागि

नगर कार्यपालिका कार्यालयमा एक मदिरा नियन्त्रण तथा व्यवस्थापन कोष स्थापना गरिनेछ । दफा १६ बमोजिमको दण्ड जरिवानाबाट प्राप्त रकमको २० प्रतिशत रकम सुरक्षा व्यवस्थापन, १५ प्रतिशत स्वास्थ्य क्षेत्रमा, १० प्रतिशत सुराकीलाई, १५ प्रतिशत सूचना तथा प्रचार प्रसारमा, २० प्रतिशत रकम विपद व्यवस्थापन कोषमा र २० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरिनेछ ।

**१८. कारवाहीका लागि सिफारिस गरि पठाउने :** (१) नगरपालिका क्षेत्रमा यस कार्यविधि विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरि कुनै गाली बेइज्जती गर्ने व्यक्तिलाई वडा स्तरिय समितिले दश हजारसम्म दण्ड जरिवाना गर्न सक्नेछ र सो भन्दा माथिको दण्ड जरिवाना गर्नुपर्ने भएमा ३ दिन भित्रमा नगर स्तरिय समितिमा सिफारिस गरि पठाउनु पर्नेछ ।

(२) यस कार्यविधि विपरितको कार्यगर्ने व्यक्तिको इजाजत पत्र रद्द गर्न सिफारिस समेत गर्न सकिनेछ ।

**१९. निषेधित क्षेत्र घोषणा गर्न सक्ने :** सम्वन्धित वडा समितिको सिफारिसमा नगर कार्यपालिकाले नगरपालिका भित्रको क्षेत्रलाई मदिरा निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

**२०. अधिकार प्रत्यायोजन :** यस कार्यविधि बमोजिमको अधिकार नगर स्तरिय समिति र वडा स्तरिय समितिले उपसमिति वा टोल स्तरिय समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. पुनरावेदन :** यस कार्यविधि अन्तर्गत दण्ड जरिवाना तथा सजाय गरिएको विषय उपर चित्त नबुझे जरिवाना गरिएको मितिले पैतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

**२२. पुरस्कार :** यस कार्यविधि विपरीत कार्य गरेको कुराको प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिलाई विगोको वा सजाय गरिएको रकमको दश प्रतिशत पुरस्कार दिईनेछ ।

**२३. कार्यविधिमा संसोधन गर्न सक्ने :** यस कार्यविधिमा कुनै बाधा अड्काउ देखिएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरि बाधा अड्काउ फुकाउन वा कार्यविधिमा संसोधन गर्न सक्नेछ ।

**२४. अमान्य हुने :** यस कार्यविधिका कुनै प्रावधानहरु संघिय तथा प्रदेश कानुनसंग बाझिएको हदमा स्वतः अमान्य हुनेछ ।

## अनुसूची-१
## कार्यविधिको दफा ६ को उपदफा (१) सँग सम्वन्धित

## निवेदन पत्रको ढाँचा

श्री ...............................................

नगर कार्यपालिकाको कार्यालय/वडा कार्यालय

............................. जाजरकोट ।

**विषय : मदिरा ओसार पसारको अनुमतिपत्र उपलब्ध गराउने बारे ।**

महोदय,

तल लेखिए बमोजिम व्यापारिक फर्मको मदिरा ओसार पसार गर्नको लागि अनुमतिपत्र उपलब्ध गराउन निम्न लिखित व्यापारिक फर्मको आवश्यक कागजातहरु यसै साथ संलग्न गरी रु. १० को टिकट टाँसी यो निवेदन पेश गरेको छु लेखिएको व्यहोरामा कुनै झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

विवरण

१. व्यापारिक फर्मको पूरा नाम (नेपालीमा):

२. व्यापारिक फर्मको पूरा नाम (अंग्रेजीमा):

३. व्यापारिक फर्मको पूरा ठेगाना:

४. व्यापारिक फर्मको उदेश्य:

५. व्यापारिक फर्म कारोवार गर्ने चीज बस्तुको विवरण:

६. प्रोप्राईटरको पूरा नाम र ठेगाना:

७. प्रोप्राईटरको तीन पूस्ते नाम र ठेगाना:

(क) बाजेको नाम र ठेगाना:

(ख) बाबुको नाम र ठेगाना:

(ग) विवाहित महिला भए पतिको नाम र ठेगाना:

८. संलग्न कागजातहरु:

(क) व्यावसायीको नेपाली नागरिकताको प्रतिलिपि

(ख) हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

(ग) मूल्य अभिवृद्धि कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

(घ) घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यापारिक फर्मको हकमा सम्झौतापत्र

(ङ) सामुहिक व्यापारिक फर्मको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

(च) मदिरा ईजाजतपत्रको प्रतिलिपि

निवेदकको

| | |
|---|---|
| पूरा नाम : | सम्पर्क नं.: |
| पूरा ठेगाना : | लेखात्मक सही : |
| नागरिकता नं. र जिल्ला : | रेखात्मक सही : |
| सही : | |

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

---

**टिप्पणी**

**(कार्यालयले मात्र भर्ने)**

श्रीमान्

.......................................नामको व्यापारिक फर्मको लागि मदिरा ओसार पसार को अनुमतिपत्र पाउन आवश्यक हुने सबै कागजातहरु निवेदनका साथ रितपूर्वक पेश हुन आएकोले माग बमोजिम अनुमतिपत्र दिन मनासिव देखिएकाले दस्तुर वापत रु..............शुल्क लिई निजको नाममा मदिरा ओसार पसार अनुमतिपत्र प्रमाणपत्र दिनको निमित्त निर्णयार्थ पेश गरेको छु ।

पेश गर्ने | सदर गर्ने

## अनुसूची-२
## कार्यविधिको दफा ६ को उपदफा (२) सँग सम्वन्धित

नलगाड नगरपालिका
.................................कार्यालय
........................ जाजरकोट

### मदिरा ओसार पसार अनुमतिपत्र

दर्ता नं. : मिति :

निम्न लिखित विवरण भएको......................................................................नामको व्यापारिक फर्मलाई सम्वत............................मा नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ६ को उपदफा (२) बमोजिम मदिरा ओसार पसार अनुमतिपत्र दिईएको छ ।

**विवरण**

प्रोप्राईटरको नाम थर, वतन :
हालको ठेगाना :
प्रोप्राईटरको नागरिकता नं. :
व्यापारिक फर्मको ठेगाना :

......................................

१. यो अनुमतिपत्रको स्याद अनुमतिपत्र उपलब्ध गराएको मितिले १ वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक बहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगावै अनिवार्य रुपमा नवीकरण गराई सक्नु पर्नेछ ।
२. व्यापारिक फर्मले पालना गर्नुपर्ने अन्य शर्तहरु नलगाड नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम हुनेछ ।
३. यस व्यापारिक फर्मको उदेश्य कार्यान्वयनको लागि अनुमति लिनुपर्ने विषयमा सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ। यसै दर्तालाई नै उदेश्य कार्यान्वयन गर्ने ईजाजत प्रदान गरेको मानिने छैन ।

४. सम्पती शुद्धिकरण निवारण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्वन्धि कानुन वा सो अर्न्तगत बनेका नियम, निर्देशन, आदेश वा सम्वन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ ।

५. व्यापारिक फर्म धनीले आफ्नो व्यापारिक फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट रुपमा उल्लेख भएको साईनवोर्ड र आफुले कारोवार गर्ने बस्तु वा सेवाको प्रचलित कानुन वमोजिमको मूल्यसूची कारोवार स्थलमा राख्नु पर्नेछ ।

## अनुसूची-३
## कार्यविधिको दफा १४ को उपदफा (१) सँग सम्वन्धित
## नलगाड नगरपालिकाको नमुना वस्तीहरु

| क्र.स. | नमुना वस्ती /टोलको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | चिउरी | नलगाड नगरपालिका वडा नं. १ | |
| २ | माझगाँउ | नलगाड नगरपालिका वडा नं. २ | |
| ३ | कैना | नलगाड नगरपालिका वडा नं. ३ | |
| ४ | घुवारा | नलगाड नगरपालिका वडा नं. ४ | |
| ५ | रघुनाथ | नलगाड नगरपालिका वडा नं. ५ | |
| ६ | थाप्ला | नलगाड नगरपालिका वडा नं. ६ | |
| ७ | चामाखेत | नलगाड नगरपालिका वडा नं. ७ | |
| ८ | तल्लो हल्चौर | नलगाड नगरपालिका वडा नं. ८ | |
| ९ | बाँस्कोट | नलगाड नगरपालिका वडा नं. ९ | |
| १० | रोली | नलगाड नगरपालिका वडा नं. १० | |
| ११ | दम्का | नलगाड नगरपालिका वडा नं. ११ | |
| १२ | दाञ्छिना | नलगाड नगरपालिका वडा नं. १२ | |
| १३ | खुदी | नलगाड नगरपालिका वडा नं. १३ | |

आज्ञाले,
सुरेन्द्र सिंह
निमित्त प्रमुख प्रशासकीय अधिकृत